# गोकुलगंगा गाउँपालिकाको आ.व. २०८०/०८१ को उपाध्यक्षबाट प्रस्तुत प्रस्तावित कार्यक्रम तथा बजेटः

मितिः २०८० साल असार १० गते आईतवार

प्रस्तुतकर्ताः- उषादेवी कार्की

गाउँपालिका उपाध्यक्ष

## गोकुलगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रस्नालु, रामेछाप

# गोकुलगंगा गाउँपालिकाको आ.व. २०८०/०८१ को उपाध्यक्षबाट प्रस्तुत प्रस्तावित कार्यक्रम तथा बजेटः

- गाउँसभाका श्रद्धेय अध्यक्षज्यू,
- विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु,
- गाउँसभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू,
- वडा अध्यक्ष, कार्यपालिका सदस्य एवम् गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,
- यस गोकुलगंगा गाउँपालिकाको कार्यालयका विभिन्न शाखाका शाखा प्रमुख तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,
- गोकुलगंगा गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकज्यूहरु,
- विभिन्न कार्यालयका प्रमुखज्यूहरु एवम् गैर सरकारी संघ संस्थाका प्रतिनिधीज्यूहरु,
- सञ्चारकर्मी मित्रहरु एवम्
- गोकुलगंगाबासी सम्पूर्ण आमा बुवा, दाजु भाई तथा दिदी बहिनीहरु:

नेपालको राजनीतिक व्यवस्थामा भएको परिवर्तान सँगै विक्रम सम्वत २०७२ सालमा नेपालको संविधान जारी भई संघीय लोकतान्त्रीक गणतन्त्र र विधिको शासन स्थापित भए पश्चात मुलुकमा रहेको तीन तहको सरकार मध्ये जनताको नजिकको सरकार स्थानीय सरकारको रुपमा गोकुलगंगा गाउँपालिका, रामेछापको दोश्रो जन निर्वाचित उपाध्यक्षको हैसियतले गोकुलगंगा गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को बार्षिक कार्यक्रम तथा बजेट सहित यस गरिमामय तेह्रौं गाउँसभालाई सम्वोधन गर्न पाउदा मलाई अत्यन्तै खुशी लागेको छ । यस अवशरमा सर्वप्रथम म मुलुक र जनताको हितका लागि भएका विभिन्न बलिदानीपूर्ण आन्दोलन र संघर्षमा जीवन उत्सर्ग गर्नु हुने महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै त्यस्ता आन्दोलनहरुलाई सफल पार्दै मुलुकलाई नेतृत्व प्रदान गर्नु हुने श्रद्धेय नेताहरुलाई स्मरण गर्न चाहान्छु। वहाँहरुको अदम्य साहस, संघर्ष र सफलताबाट नै

हामीहरु अहिले यहाँ छौं। तसर्थ वहाँहरुले देखाएको बाटो र देखेका सपनालाई पुरा गर्दै हामीले सदैब मुलुक र जनताको हितलाई सर्बोपरी ठानी आफ्नो जिम्मेवारी र दायित्वलाई पुरा गर्नु पर्दछ ।

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको सरकारको काम, कर्तव्य र अधिकार क्षेत्र तोकिदिएको छ । त्यसैगरी स्थानीय तहको मूल कानूनको रुपमा रहेको स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तीनै तहको सरकार बीच सहभागिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरेको छ । यसै सेरोफेरोमा हामीले आफ्नो लागि आँफै नीति, कानून बनाउने, कर, शुल्क, दस्तुर संकलन गरी आन्तरिक श्रोत मजवुत बनाउने, आफ्ना लागि आँफै विकास योजना छान्ने जस्ता लोकतन्त्रको सुन्दर अभ्यास गर्न पाएका छौं ।

**सभाध्यक्ष महोदय,**

गोकुलगंगा गाउँपालिकाको विकास र समृद्धिका लागि आगामी आर्थिक वर्ष २०८०/०८१ को कार्यक्रम तथा वजेट निर्माण गर्दा नेपाल सरकार र बागमती प्रदेश सरकारको नीति तथा लक्षहरु, अन्तराष्ट्रियस्तरमा गरेका प्रतिबद्धताहरु, दीगो विकासका लक्ष र पन्ध्रौं योजनाका लक्ष, उद्देश्यहरु समेतका आधारमा गाउँपालिकाले तयार गरेको नीति तथा कार्यक्रम बमोजिम स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा गोकुलगंगा गाउँपालिकाबासहीहरुको समस्या र चाहानालाई सम्बोधन गर्ने गरी यो वजेट तथा कार्यक्रम निर्माण गरेको छु । यस क्रममा म यस गाउँपालिकामा आगामी आर्थिक वर्ष २०८०/०८१ मा संघीय सरकार र बागमती प्रदेश सरकारबाट विभिन्न शिर्षकमा आउने अनुदान, विद्युत रोयल्टी र आफ्नो आन्तरिक श्रोत समेत कुल आय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**संघीय सरकारबाट प्राप्त हुने अनुदानमाः**

- समानिकरण अनुदान रु. ११ करोड ९४ लाख
- राजश्व बाँडफाँड रु. ८ करोड ६९ लाख ३५ हजार ७ सय
- समपुरक अनुदान रु. ४ करोड ७५ लाख
- शसर्त पूंजीगत अनुदान रु. १ करोड ३० लाख
- शसर्त चालु अनुदान रु. १९ करोड २० लाख
- विशेष अनुदान रु. ७० लाख
- सामाजिक सुरक्षा भत्ता ९ करोड
- पूर्वाधार विभागबाट प्रशासकीय भवन निर्माण रु ३ करोड

समेत जम्मा रु. ५८ करोड ५८ लाख ३५ हजार ७ सय अनुदान प्राप्त हुने अनुमान गरिएको छ।

**बागमती प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमाः**

- समानिकरण अनुदान रु १ करोड २३ लाख ६५ हजार
- सवारी साधन कर रु २ करोड ९२ लाख ३० हजार ७ सय २५ रुपैया
- समपूरक अनुदान रु १ करोड ९४ लाख
- प्रदेश सशर्त अनुदान रु २ करोड ४ लाख ४० हजार
- विशेष अनुदान रु ८३ लाख

समेतबाट कुल रु ८ करोड ९७ लाख ३५ हजार ७ सय २५ रुपैया आय अनुमान गरिएको छ ।

**आन्तरिक श्रोत तर्फः**

आगामी वर्ष जलविद्युत रोयल्टी रु ५ करोड ५० लाख एवम् विभिन्न कर शुल्क दस्तुर एवम् विक्री सहित आन्तरिक श्रोतबाट रु ४ करोड ३७ लाख २१ हजार ७ सय ७५ रुपैया समेत जम्मा रु ९ करोड ८७ लाख २१ हजार ७ सय ७५ रुपैया आय अनुमान गरिएको छ ।

उपरोक्तानुसार आगामी आर्थिक वर्ष २०८०/०८१ मा कुल आय अनुमान रु ७४ करोड ४२ लाख ९३ हजार २ सय रुपैया हुने देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

उपरोक्त वजेट सिलिङ, संघीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र भर्खरै श्रद्धेय अध्यक्षज्यूबाट प्रस्तुत आगामी आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रमको परिधि भित्र रही गोकुलगंगा बासीहरुको सुख, सुविधा, आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्दै समृद्ध गोकुलगंगा निर्माणको महान अभियानमा उपलब्ध श्रोत साधनको नतिजामुलक र दीगो विकास लक्षका साथ समावेशी, सहभागितामुलक र विवेकपूर्ण प्रयोग गर्दै स्थानीय भूगोल, हावापानी, माटो, आम नागरिकको चाहाना र यहाँको विकास संभावनाहरु पहिचान गर्दै "**शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र जलविद्युत पूर्वाधार-गोकुलगंगा गाउँपालिका समृद्धिको मुल आधार**" भन्ने दुरदृष्टी सहित आगामी वर्षको वजेट तथा कार्यक्रम तयार गरिएको छ ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतका आधारमा स्थानीय आवश्यकता, प्राथमिकता र संभावनालाई नियाल्दै उपलब्ध वजेट सिलिङ र मार्गदर्शन बमोजिम टोलबस्तीस्तरको भेलादेखि वडाभेला हुँदै गाउँपालिकामा गठित विभिन्न विकास समितिहरुबाट छलफल र प्राथमिकीकरण हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिशमा गोकुलगंगा गाउँपालिकाको १७ औं वैठकबाट निर्णय सहित अनुमोदनका लागि सिफारिश भएको गोकुलगंगा गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को पुंजीगत तर्फ प्रस्तावित कार्यक्रम तथा वजेट विनियोजन सहितको व्यय अनुमानलाई विकास क्षेत्रगत रुपमा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

१. <u>पूर्वाधार विकास तर्फः</u>

पूर्वाधार विकास तर्फ कार्यालयको अधुरो प्रशासकीय भवन निर्माण, जनजागृत मा.वि. वेतालीको भवन निर्माण, धौले चाके कोश्याङखर्क जट्टापोखरी पाँचपोखरी सडक स्तरोन्नती र विस्तार, ठोसे टगम सिंगटी सडक

स्तरोन्नती, बन्चरे नामाडी फर्पू फेदी सडक विस्तार तथा पालिका भित्रका मुख्य मुख्य सडकहरुको स्तरोन्नती र मर्मत संभार, किसानका फलफुल तथा तरकारी भण्डारणको लागि कोल्ड स्टोर (चिस्यान केन्द्र) निर्माण र सानातिना पुल कल्भर्ट निर्माणका लागि रु २२ करोड ३५ लाख ५० हजार विनियोजन गरेको छु ।

२. **सामाजिक विकास तर्फः**

सामाजिक विकास तर्फ शिक्षा क्षेत्रको गुणस्तर सुधार र खेलकुद व्यवस्थापनको लागि रु २ करोड ५९ लाख २२ हजार ५ सय रकम विनियोजन गरेको छु । आम नागरिकलाई सहज र सरल रुपमा स्वास्थ्योपचार सुविधा उपलब्ध गराउन, औषधी खरिद, गोकुलगंगा अस्पताल संचालन, नागरिक आरोग्य केन्द्र व्वस्थापन, विभिन्न सर्ने तथा नसर्ने रोग र महामारी नियन्त्रण, गर्भवती महिलाको लागि निशुल्क एम्बुलेन्स सेवा तथा मौजुदा एम्बुलेन्स संचालन, विभिन्न ८ प्रकारका रोगबाट पिडित विपन्न नागरिकको लागि स्वास्थ्योपचारको लागि आर्थिक सहायता समेत गरी स्वास्थ्य तर्फ रु ९९ लाख विनियोजन गरेको छु। महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजातीहरु लक्षित कार्यक्रम संचालनका लागि रु २८ लाख विनियोजन गरेको छु ।अन्य सामाजिक पूर्वाधारहरु सहित सामाजिक विकास तर्फ कुल रु ७ करोड ५६ लाख ६७ हजार ५ सय रुपैया विनियोजन गरेको छु ।

३. **आर्थिक विकास तर्फः**

आर्थिक विकास तर्फ कृषि क्षेत्रको विकास र प्रवद्धनका लागि किवी फर्म व्यवस्थापन, व्यवसायिक आलुखेती प्रवर्द्धन, विभिन्न मौसमी तरकारीहरुको बीउ बिजन वितरण, ओखर, स्याउ खेती तथा नर्सरी स्थापना र बेसार खेती तथा सोको प्याकेजिङ्ग र ब्राण्डिङ मेशिन व्यवस्थापनका लागि रु ९० लाख विनियोजन गरेको छु ।त्यसैगरी पशुपंक्षी तथा मत्स्य विकास तर्फ औषधी खरिद, कृत्रिम गर्भाधारण, डालेघाँसका बीउ बेर्ना वितरण, माँहामारी रोग नियन्त्रण, पशुपंक्षी तथा मत्स्य विमा, व्यवसायिक पशुपालन र व्यवसाय संचालन अनुदान समेतका लागि रु ५० लाख विनियोजन गरेको छु । सहकारी संघ संस्थाहरुको क्षमता विकास, नियमन र पर्यटन प्रवर्द्धनका साथै उद्यमीहरुलाई सीप विकास तालिम, प्रशिक्षण र प्रविधिमा सहयोग, राजश्व सुधार

कार्ययोजना सहित आर्थिक विकास तर्फ कुल रु २ करोड ८ लाख ५० हजार विनियोजन गरेको छु ।

**४.वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ वन, वातावारण, विपद् व्यवस्थापन, राहत, पुनस्थापना तथा बृक्षारोपन कार्यक्रम, विपद्का लागि तारजाली खरिद, खानेपानी पाइप खरिद जस्ता कार्यमा वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि कुल रु २ करोड १ लाख विनियोजन गरेको छु ।

**५. सुशासन तथा संस्थागत विकास तर्फः**

सुशासन तथा संस्थागत विकास तर्फ जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास, न्यायिक समितिको कार्यक्रम संचालन, एकिकृत घरधुरी सर्वेक्षण सहित गरीवी स्तरीकरण सहितको डिजिटल गाउँ प्रोफायल तयारी, गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य तथा शिक्षण संस्थाहरुको नियमन, नियन्त्रण र व्यवस्थापनका लागि ई हाजिरी, भूमी व्यवस्थापन, सामाजिक सुरक्षा भत्ता वितरणमा सहजीकरण तथा व्यवस्थापन, गोकुलगंगा सूचना केन्द्र स्थापना, फर्निचर तथा फिक्चर्स लगायतको व्यवस्थापन गर्न सुशासन तथा संस्थागत विकास तर्फ कुल रु १ करोड ४२ लाख ५० हजार विनियोजन गरेको छु।

उपरोक्तानुसार पूंजीगत खर्च तर्फ कुल रु ३५ करोड ४४ लाख १७ हजार ५ सय रुपैयाको उल्लिखित कार्यक्रम र वजेट सहितको गाउँपालिका तथा वडास्तरीय आयोजना तथा कार्यक्रमहरुको विस्तृत विवरण यहाँहरुको हात हातमा पुगि सकेकोले त्यसलाई वाचन गर्न समय लाग्ने हुँदा मैले यहाँ प्रस्तुत गरिन ।

**सभाध्यक्ष महोदय,**

अब म संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट यस गाउँपालिकालाई प्राप्त हुने शसर्त चालु अनुदान र यस कार्यालय र माताहतका स्वास्थ्य संस्था र वडा कार्यालयहरुको कर्मचारी व्यवस्थापन, कार्यालय संचालन र सेवा प्रवाहको लागि हुने चालु खर्चको प्रस्तावित विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु।

संघीय सरकारबाट सशर्त चालु तर्फ शिक्षकहरुको तलव भत्ता रु १४ करोड ६८ लाख एवम् स्वास्थ्यकर्मीहरुको तलव भत्ता लगायत अन्य सुविधामा रु ३ करोड ४२ लाख तथा शिक्षा, स्वास्थ्य, कृषि, पशुविकास, सामाजिक सशक्तिकरण र उत्थान विकास, गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन समेतका लागि जम्मा रु १९ करोड २० लाख तथा संघीय सरकार राजश्व बाँडफाडबाट कार्यालय संचालन, कर्मचारी तथा जनप्रतिनिधीहरुको पारिश्रमिक एवम् सेवा सुविधाका लागि रु ८ करोड ६९ लाख ३५ हजार ७ सय, सामाजिक सुरक्षा भत्ताको लागि रु ९ करोड एवम् बागमती प्रदेश सरकारबाट विभिन्न चालु प्रकृतिका कार्यक्रम संचालनका लागि सशर्त अनुदान रु १ करोड ५९ लाख ४० हजार र गाउँपालिकाको आन्तरिक श्रोतबाट परामर्श सेवा तथा कर्मचारी प्रोत्साहन वापत रु ५० लाख समेत चालु खर्च तर्फ जम्मा रु ३८ करोड ९८ लाख ७५ हजार ७ सय रुपैया खर्च विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

उपरोक्तानुसार आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि हाम्रो गोकुलगंगाबासीहरुको सुख, सुविधा, विकास र समृद्धिका लागि हाम्रो दुरदृष्टी "**शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र जलविद्युत पूर्वाधार-गोकुलगंगा गाउँपालिका समृद्धिको मुल आधार**" र हाम्रो दिर्घकालिन लक्ष "**व्यवसायिक कृषि-गोकुलगंगाको समृद्धि**" तथा "**सभ्य, सक्षम, सुखी र सम्पन्न नागरिक एवम् सुन्दर शान्त र समृद्ध गोकुलगंगा गाउँपालिका**" निर्माणको महान अभियानलाई सार्थक बनाउने सपनाका साथ **आगामी आर्थिक वर्षका लागि चालु खर्च तर्फ जम्मा रु ३८ करोड ९८ लाख ७५ हजार ७ सय रुपैया तथा पूंजीगत तर्फ जम्मा कुल रु ३५ करोड ४४ लाख १७ हजार ५ सय रुपैया गरी कुल रु ७४ करोड ४२ लाख ९३ हजार २ सय रुपैया**को कार्यक्रम तथा वजेट प्रस्तुत गरेको छु ।

**सभाध्यक्ष महोदय,**

गोकुलगंगा गाउँपालिकाको भौगोलिक विकटता, गरिबी, न्यून आन्तरिकश्रोत, गाउँले परिवेश, निस्क्रिय निजीक्षेत्र र उदास जनसमुदाय एवम् स्थानीय बासीहरुका असिमित आवश्यकता, प्राथमिकता, समस्या र अपेक्षा अनुसार उल्लिखित वजेट तथा कार्यक्रमले सबैलाई समेट्न नसकेतापनि उपलब्ध श्रोत साधनले भ्याएसम्म अधिकांश नागरिकहरुको अपेक्षालाई समेट्ने प्रयास गरिएको छ । श्रोत साधनको कमीका कारण एकै वर्षमा सबै समस्याहरुको समाधान हुन सक्दैन भन्ने कुरा यहाँहरुले समेत बुझ्नु भएको छ। तसर्थ यो प्रस्तावित कार्यक्रम तथा वजेटलाई समर्थन गरी दिनहुन उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दै समाधानको विकल्प सहितको सकारात्मक सुझाव र प्रतिकृयाको अपेक्षा गर्दछु।

अन्त्यमा यो वजेट तथा कार्यक्रम तयार गर्न सघाउ पुऱ्याउनु हुने सबै वडाका आम टोलबासीहरु, ६ वटै वडा समितिहरु, गाउँपालिकामा गठित पाँच वटै विषयगत समितिका संयोजकहरु सहित सम्पुर्ण पदाधिकारीहरु, सबै वडा अध्यक्ष एवम् कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीयक अधिकृत सहित सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक नेतागण, संचारकर्मी, बुद्धिजिवी, समाजसेवी, विभिन्न संघसंस्थाहरु लगायत सरोकारवालाहरु सबैमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दै विदा हुन्छु । धन्यवाद ।

**जय नेपाल, जय गोकुलगंगा**

उषादेवी कार्की
उपाध्यक्ष
गोकुलगंगा गाउँपालिका, रामेछाप ।